TRIBHUVAN UNIVERSITY
CENTRAL DEPARTMENT OF NEPALESE, HISTORY, CULTURE AND ARCHAEOLOGY

# BULLETIN

त्रिभुवन विश्वविद्यालय
नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग

# बुलेटिन

(त्रैमाशिक, दोस्रो अङ्क, २०७९ फागुन-बैशाख २०८०)

## उत्खनन् तालिम सम्पन्न

नेपाली इतिहास, संस्कृति र पुरातत्त्व केन्द्रीय विभागको स्नातकोत्तर तहको दोस्रो सेमेस्टरको पुरातात्विक उत्खनन्सम्बन्धी तालिम र परीक्षा सम्पन्न भएको छ । यस पटक यस विभागका विद्यार्थीहरुले मिति २०७९।११।७ देखि ११।२८ सम्म जम्मा २१ दिन कपिलवस्तु भेगमा उत्खनन्सम्बन्धी तालिम लिएका छन् । बेलायतको दुराम विश्वविद्यालयका प्राध्यापक र विद्यार्थी, युनेस्को, नेपाल पुरातत्व विभाग, लुम्बिनी विकास कोषका साथमा नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभागका विद्यार्थीहरुले स्थलगत तालिम लिएका हुन् । तालिमका अवधिमा कपिलवस्तु दरबारको पूर्वी बाहिरी द्वार र त्यसभन्दा दक्षिणपूर्वमा रहेको विहार क्षेत्रमा उत्खनन् भएको थियो । तालिम अवधिमा साँझपख युनेस्को र दुराम विश्वविद्यालयका विज्ञहरुले समेत विद्यार्थीहरुलाई कक्षा लिने कार्य भयो । स्थलगत तालिम र परीक्षाका लागि विभागलाई युनेस्कोबाट सहयोग प्राप्त भएको छ ।





**प्राध्यापकहरुको अन्तर्राष्ट्रिय कन्फिरेन्समा सहभागिता:** यस विभागका प्राध्यापकहरु डा. पुनम राणा र डा. निर्मला पोखेलले फेब्रुअरी २ र ३ मा मोहनलाल सुकडीया विश्वविद्यालय, उदयपुर भारतमा भएको एनिमल इन् द हिस्ट्रि अफ् साउथ एसिया नामक अन्तर्राष्ट्रिय कन्फिरेन्समा भाग लिई आआफ्नो कार्यपत्र प्रस्तुत गरेका छन् । यस्ता कन्फिरेन्समा भाग लिंदै जानाले प्राध्यापकहरुका बीचमा प्राप्त ज्ञान आदानप्रदान हुने गर्दछ । तसर्थ विश्वविद्यालयहरुमा अन्तर्राष्ट्रिय कन्फिरेन्सहरुको आयोजना हुने गरेको हो ।

## अनुसन्धानमा विद्यार्थीहरुलाई उत्प्रेरणा

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागको तेस्रो सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरुलाई अनुसन्धानमा उत्प्रेरणा दिनका लागि विभागले सर्भेक्षणसम्बन्धी कार्यमा खटाएको छ । युनेस्को, दुराम विश्वविद्यालय, नेपाल पुरातत्व विभाग र लुम्बिनी विकास कोषको आयोजनामा विभागका विद्यार्थीहरुले लुम्बिनीमा सात दिने सर्वेक्षण कार्य गरेका छन् । उक्त कार्य लुम्बिनी भ्रमणमा आउने प्रवासी नेपालीले उपहारका रुपमा केकस्ता वस्तुहरु लिन रुचाउँछन् भन्ने सर्वेक्षणमा आधारित रहेको छ । त्यसपछि काठमाडौंमा समेत विद्यार्थीहरुलाई सर्वेक्षणको कार्यमा सहभागी गराइएको छ ।

**फुटसल खेलमा सहभागिता:** यस विभागका विद्यार्थीहरुले त्रि.वि.फुटसल क्लवबाट आयोजित फुटसल प्रतियोगितमा भाग लिएका छन् । वि.सं. २०७९ साल फागुन ३ देखि ५ गतेसम्म भएको उक्त खेलमा विभिन्न टिमको सहभागिता थियो ।



TRIBHUVAN UNIVERSITY
CENTRAL DEPARTMENT OF NEPALESE, HISTORY, CULTURE AND ARCHAEOLOGY
BULLETIN
(त्रैमाशिक, दोस्रो अङ्क, २०७९ फागुन-वैशाख २०८०)

## अन्तर्राष्ट्रिय कन्फिरेन्स सम्पन्न

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागले सन् २०२३, अप्रिल २ देखि ४ सम्म तीनदिने एक अन्तर्राष्ट्रिय कन्फिरेन्स सम्पन्न गरेको छ । यस कन्फिरेन्सको थिम Sacredness, Symbolism and Society: Practices in South and Southeast Asia रहेको थियो । सबै प्रकारका सब थिममा कार्यपत्र प्रस्तुत गर्न सकिने व्यवस्था भएको यस कन्फिरेन्समा नेपाली र अंग्रेजी भाषामा कार्यपत्र प्रस्तुत गरिएका थिए । यसमा विभिन्न २२ मुलुकका ८० जना विदेशी विद्वान्हरु तथा २०० जनाजति नेपालीहरुको सहभागिता रह्यो । यस कन्फिरेन्समा विभिन्न विषयका १२५ वटा कार्यपत्र प्रस्तुत भएका छन् ।

त्रि.वि. संस्कृति विभाग (CDNeHCA) आयोजक तथा नाथम (NATHM) सहआयोजक रहेको यो कार्यक्रम South and South East Asian Association for the Study of Religion and Culture (SSEASR) र International Association for History of Religion (IAHR) नामक विश्व संस्थाहरुको सहकार्यमा सम्पन्न भएको हो । यस कार्यक्रमका लागि विभिन्न निकायहरुको सहयोग रह्यो । यो कन्फिरेन्स सम्पन्न गर्न सवैभन्दा धेरै सहयोग Nepal Academy of Tourism and Hotel Management (NATHM) को रह्यो भने काठमाडौं महानगरपालिका, भारतीय राजदुतावास, पशुपति क्षेत्र विकास कोष र नेपाल पर्यटन बोर्डको पनि अमूल्य सहयोग रहेको छ ।

कार्यक्रमको समुद्घाटनमा त्रि.वि. संस्कृति केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. सोमप्रसाद खतिवडाले आयोजक समितिका तर्फबाट अध्यक्षता गर्नुभयो । कार्यक्रमका प्रमुख अतिथि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किराती, संरक्षक त्रि.वि.का उपकुलपति प्रा.डा. धर्मकान्त वास्कोटा, स्टिरिंग कमिटि अध्यक्ष त्रि.वि.का रजिष्ट्रार प्रा.डा. पेशल दाहाल र उपाध्यक्ष त्रि.वि. अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्रका कार्यकारी निर्देशक श्री विनोद जोशी हुनुहुन्थ्यो । नाथमका डाइरेक्टर श्री राजेश उप्रेती कार्यक्रमका उपाध्यक्ष हुनुहुन्थ्यो भने गेष्ट अफ् हनरको भुमिका IAHR का अध्यक्ष टिन जेन्सनले गर्नु भयो । कार्यक्रममा Key Note Speaker का रुपमा भारतको दिल्ली स्थित जवारलाल नेहरु विश्वविद्यालयकी उपकूलपति प्रा.डा. शान्तिश्री डुलिपुडी पण्डित रहनु भयो । कार्यक्रममा माथि नामोल्लेखित वक्ताका साथमा SSEASR का अध्यक्ष प्रा.डा. अमरजीव लोचनले पनि सम्बोधन गर्नु भएको थियो । प्रस्तुत कन्फिरेन्सको तयारी गत २०२२ को जुलाईदेखि गरिएको हो । यो कार्यक्रम सफल बनाउन थुप्रै महानुभावहरुको प्रयास रहेको छ । यसका लागि अर्गनाइजिंग कमिटीका अध्यक्ष प्रा.डा. सोमप्रसाद खतिवडा, सचिव डा. तिना मानन्धर, कोषाध्यक्ष श्री बुद्धि कट्टेल, श्री प्रेम थापा, श्री जहीर, नेपाल एकेडेमी अफ् टुरिजम् एन्ड होटल मेनेजमन्टका डाइरेक्टर श्री राजेश उप्रेती, प्रिन्सिपल ज्यू, श्री डम्बर भट्ट, समिक शर्मा र अशोक उपाध्यायको प्रयास महत्वपूर्ण रह्यो ।










सम्पादकः प्रा.डा. सोमप्रसाद खतिवडा, विभागीय प्रमुख
इमेलः head@cdnhca.tu.edu.np, फोनः ०१४३३१९७६